Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.

# प्रेस विज्ञप्ति

## लिवर्टी ईनर्जी कम्पनी लिमिटेडको शेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचिकृत

लिवर्टी इनर्जी कम्पनी लि. ले आयोजना प्रभावित स्थानीयबासी तथा सर्वसाधारणमा प्रारम्भिक निष्काशन मार्फत जारी गरी बाँडफाँड गरेको तथा संस्थापकहरुले लगानी गरेको समेत गरी रु. १०० अंकित दरका जम्मा १,५०,००,००० कित्ता साधारण शेयर नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मा सुचिकृत भएको छ ।

उक्त सुचिकरण सम्बन्धि समझदारी पत्रमा मिति २०७७/०६/०२ गतेका दिन लिवर्टी इनर्जी कम्पनीका तर्फबाट प्रबन्ध संचालक डा. आत्माराम घिमिरे तथा नेप्सेका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदले हस्ताक्षर गर्नुभयो ।

यस कम्पनीले शेयर सम्बन्धि कारोबारको अभिलेख राख्ने, दाखिल खारेज, नामसारी, रोक्का राख्ने लगायत शेयरधनीहरुको लगत अद्यावधिक गरी राख्ने सम्पूर्ण कार्यको लागि प्रभु क्यापिटल लिमिटेड, कमलादीलाई शेयर रजिष्ट्रार नियुक्त गरेको छ ।

यस कम्पनीद्धारा निर्माणाधीन लमजुङ जिल्ला स्थित २५ मे.वा. क्षमताको माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना हाल निर्माणको अन्तिम चरणमा रहेको छ र कम्पनीद्धारा सर्वेक्षण अनुमति पत्र प्राप्त थप २ वटा जलविद्युत आयोजनाहरु समेत सर्वेक्षणको क्रममा रहेको छ ।

मिति : २०७७/०६/०२